# अध्यक्ष केपी शर्मा ओलीको
# एघारौं महाधिवेशनको उद्घाटन समारोहको मन्तव्य

तपाईंहरुलाई सुन्दर नगरी भक्तपुरमा हार्दिक स्वागत गर्दछु ।

भक्तपुर- गौरवपूर्ण इतिहास र संस्कृति बोकेको विश्व सम्पदा,

हरेक लोकतान्त्रिक आन्दोलनमा बलिदानको कीर्तिमान राखेको देशभक्त नागरिकहरुको बासस्थान, परिश्रमी र इमान्दार किसानहरुका पसिनाले सिँचित उर्बर भूमि,

यस ऐतिहासिक नगरीमा तपाईंहरुको यो भव्य उपस्थिति देखेर म गौरवान्वित भएको छु ।

सम्झिरहेको छु, ३ महिना अगाडिका ती कहालीलाग्दा दिनहरु- जतिबेला देश युद्धभूमि जस्तै जलिरहेको थियो,

जतिबेला संविधान, लोकतन्त्र र यसका आधारस्तम्भ राजनीतिक दलहरुमाथि भीषण हमला गरिएको थियो,

र एउटा भाष्य निर्माण गर्ने कोशिस भइरहेको थियो- पुराना पार्टीहरु सकिए, नेताहरुका दिन गए । एमालेको सान्दर्भिकता समाप्त भयो ।

धुँवा, खरानी र निषेधका प्रत्येक प्रहारलाई चिर्दै जब आज यो जनसागर यहाँ यसरी ओर्लिएको छ, म ढुक्कले भन्न सक्छु- लोकतन्त्र अजेय छ, नेकपा (एमाले) अजम्बरी छ ।

मङ्सिरको चिसो सिरेटो पञ्छाउँदै यहाँ आउनु हुने तपाईंहरु सबैलाई फेरि पनि हार्दिक स्वागत छ ।

नेपालका प्रत्येक वडा-वडा, टोल-टोल, हिमाल-पहाड-तराई र प्रवाससम्म छरिएको एमालेको महासागरका अगाडि यो सभामा जम्मा भएका हामी केही थोपा मात्रै हौँ ।

तर, यिनै थोपा भित्रको साहस, भरोसा, माया, अनुशासन र उत्साहसहित उभिएको यो उपस्थिति गर्वको विषय हो ।

**दाजुभाइ दिदीबहिनीहरु,**

आजबाट हामी हाम्रो पार्टीको एघारौँ राष्ट्रिय महाधिवेशन सुरु गर्दैछौं । नेपालमा कम्युनिष्ट पार्टी स्थापना भएयता हामीले ७७ वर्ष व्यतीत गरेका छौं ।

ती ७७ वर्षहरु, जसमा हामीले प्रत्येक दिन देशका निम्ति खर्चेका छौँ । जनताका निम्ति सुम्पेका छौँ ।

देशको सार्वभौमसत्ता, राष्ट्रियता, राष्ट्रहित र स्वाभिमानका लागि हरपल अर्पेका छौँ । जनताका अधिकार, न्याय र सुख एवं समृद्धिका लागि समर्पित गरेका छौँ ।

नेकपा (एमाले)जस्तो देशभक्त र नेपाली जनताको हितमा समर्पित पार्टीलाई अब निर्णायक राष्ट्रिय शक्तिको रुपमा विकास गर्ने दृढ संकल्पका साथ हामी अघि बढिरहेका छौं । र, यो एघारौँ महाधिवेशन यस महान् अभियानरुपी यात्रामा एउटा नयाँ मोडको रुपमा भव्यताका साथ आयोजना गरिरहेका छौं । हाम्रा नीतिहरु स्पष्ट छन् । यी नीतिहरु कार्यान्वयन गर्ने सुदृढ, व्यापक र दृढ संकल्पित लोकप्रिय पार्टी र संगठन हामीसँग छ ।

म हाम्रो पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी, प्रथम कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी लगायत ती सबै अग्रजहरु, शहीदहरु, योद्धाहरु र आन्दोलनमा वर्णन नै गर्न नसकिने कष्ट सहनु हुने न्यायप्रेमी जनसमुदायप्रति हार्दिक श्रद्धा अर्पण गर्न चाहन्छु, जसको बलिदान बिना हामी यहाँ आइपुग्नै सक्दैनथ्यौं ।

तपाईंहरुलाई साक्षी राखेर सङ्कल्प गर्छु- हामी उहाँहरुको आदर्श र बलिदानलाई कहिल्यै बिर्सने छैनौं ।

यति लामो यात्रामा हामीले कहिल्यै गल्ती गरेनौं या हामीबाट कमजोरी रहेन भन्ने होइन, तर हाम्रो निष्ठा, समर्पण र इमानप्रति हामीलाई गौरव छ ।

कम्युनिष्ट पार्टीको यही बलिदानी सङ्घर्षका बलमा आज मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरित भएको छ ।

सात सालको क्रान्तिमा कम्युनिष्ट पार्टी भर्खरै स्थापना भएको थियो । यसको नेतृत्वदायी भूमिका नहुँदा क्रान्ति अधुरो रह्यो ।

२०४६ सालमा कम्युनिष्ट पार्टी सबल र संयुक्त नेतृत्व गर्ने ठाउँमा विकसित भएको थियो, आन्दोलनले राजाको निरङ्कुशता र पञ्चायती तानाशाहीलाई अन्त्य गऱ्यो ।

२०६२/०६३ मा कम्युनिष्ट पार्टी नेतृत्वदायी भूमिकामा रह्यो, तसर्थ राजतन्त्र अन्त्य भयो, गणतन्त्र स्थापना भयो र जनताको हातले संविधान लेखियो । त्यतिबेला अरु पार्टीहरुका भूमिका तपाईंहरुको सम्झनामा ताजै छन् ।

त्यसैले भन्न सक्छौं- कम्युनिष्ट पार्टी जति जति बलियो हुन्छ, त्यति त्यति लोकतन्त्रले पूर्णता पाउँछ । राष्ट्रिय स्वाभिमान सुदृढ हुन्छ । समृद्धिको यात्रा अगाडि बढ्छ ।

आज हामी पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिको रुपमा सुदृढ गर्दै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्य हासिल गर्न अगाडि बढ्न चाहन्छौं ।

कमरेडहरु, दाजुभाइ दिदीबहिनीहरु,

आठ दशकको यस गौरवशाली यात्रामा हामीले केही बिरासतहरु, केही मानकहरु, केही पहिचानहरु बनाएका छौं ।

नेकपा (एमाले) अर्थात् राष्ट्रियताको पहरेदार, देशभक्तिपूर्ण आन्दोलनको नायक ।

नेकपा (एमाले) अर्थात् लोकतान्त्रिक आन्दोलनको अग्रपङ्क्तिको योद्धा, यसको अभेद्य किल्ला ।

नेकपा (एमाले) अर्थात् सामाजिक न्याय र सामाजिक सुरक्षाको 'पायनियर', जसका कारण आज ३८ लाख नागरिकहरुले जीवनमा एउटा सहारा पाउनु भएको छ ।

नेकपा (एमाले) अर्थात् सामाजिक सद्भाव र राष्ट्रिय एकताको संबाहक, जसले विभिन्न बहानामा समाजलाई विखण्डित गर्ने र जनतालाई विभाजित गर्ने कुचेष्टालाई असफल पार्दै आएको छ ।

नेकपा (एमाले) अर्थात् समावेशिताको अगुवा, जसले राज्यका हरेक अङ्गमा न्यूनतम एक तिहाइ महिला सहभागिता सहित दलित, अल्पसङ्ख्यक र पछाडि पारिएका समुदाय, क्षेत्र र वर्गलाई मूलधारमा ल्याउन अग्रणी भूमिका खेलेको छ ।

नेकपा (एमाले) अर्थात् नेपाली विशेषता सहितको समाजवाद निर्माणको अभियन्ता, जनताको बहुदलीय जनवाद जस्तो नवीनतम सोचको संवाहक र परिपूर्ण लोकतन्त्रको भाष्यकार ।

नेकपा (एमाले) अर्थात् गाउँमुखी र जनसहभागितामूलक विकासको अग्रणी, ठूला पूर्वाधार निर्माणको पहलकर्ता, भूकम्पपछिको पुनर्निर्माणको सफल अभियन्ता ।

नेकपा (एमाले) अर्थात् मानवतावाद, न्याय, संयुक्त राष्ट्र संघको वडापत्र, पञ्चशीलको सिद्धान्त र हामी पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरुको पालना र विश्व शान्तिमा आधारित विदेश नीति रहेको पार्टी ।

नेकपा (एमाले) अर्थात् असल, विश्वसनीय छिमेक सम्बन्ध र पारस्परिक हित र सम्मानका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गर्ने पार्टी ।

नेकपा (एमाले) अर्थात् समृद्धिको स्वप्नद्रष्टा र परिकल्पनाकार, जसले भन्छ- प्रकृतिको यति सुन्दर बरदान पाएको र संस्कृतिको धनी नेपाल गरिब रहनै सक्दैन, हामी आफ्नै पौरख र बलमा समृद्ध बनाइ छाड्छौँ ।

आजको अन्तरनिर्भरताको समयमा पनि हामी सकेसम्म आत्मनिर्भर अर्थतन्त्रको पक्षमा छौं । यसका निम्ति कृषिको आधुनिकीकरण र व्यवसायिकीकरण, अर्थतन्त्रको औधोगिकरण र आधुनिकीकरण, आर्थिक उन्नतिका लागि पूर्वाधारको विकास, विकासका लागि प्रविधिको नवीन प्रयोग- हाम्रा नीति हुन् ।

हामी सपना मात्रै देख्दैनौँ, सपना मात्रै बाँड्दैनौँ- प्रत्येक दिन यस यात्रामा एक पाइला अघि बढ्छौँ । हामीले नेतृत्व गर्दा मुलुकले हासिल गरेको आर्थिक वृद्धि र अल्पविकसित अवस्थाबाट नेपालको स्तरोन्नतिका निम्ति भएका कामले स्पष्ट पार्छन् ।

बिरासतको यो सूची लामो बनाउन सकिन्छ, तर मलाई विश्वास छ- एमालेको पहिचानको त्यो सूची तपाईंहरुको मनभित्रै कुँदिएको छ, तब त सबै वाधा छिचोलेर तपाईंहरु यहाँ आउनु भएको छ ।

यिनै बिरासतले गर्दा आज पनि यो पार्टी जनताको मन मनमा छ, मुटु मुटुमा छ ।

हामी राजनीतिलाई एक्लै र लोकतन्त्रलाई राजनीतिको घेराभित्र मात्रै सीमित राख्दैनौं । त्यसैकारण हामी परिपूर्ण  लोकतन्त्रको

पक्षमा छौं । राजनीति, सिंगो नेपाल र सबै नेपाली जनताको सुरक्षा, सम्मान र उन्नतिका लागि हुनु पर्दछ । राजनीति, मानव र मानव संशाधनको विकास र खुशहालीसँग सम्बन्धित हुनु पर्दछ । हाम्रो राजनीति हाम्रा लागि मात्रै होइन, विश्व शान्ति, विश्व वातावरण र विश्वव्यापी रुपमा सामाजिक न्याय, समानता र मानव अधिकारको पक्षमा हुनु पर्दछ-'बसुधैव कुटम्बकम् ।'
तर हामी माथिका प्रहार पनि कम्ती छैनन् ।

हामी भन्छौँ- देशहरु भूगोलमा साना या ठूला होलान्, तर सार्वभौमसत्ता बराबर हो । कतिलाई लाग्छ, सानो देशले हामीसँग बराबरी गर्न खोज्ने ?

प्रहार हुन्छ ।

हामी जन्मजात श्रेष्ठताका आधारमा शासन गर्ने व्यवस्था सामन्ती हो, सबै नागरिक बराबरी हुन् र आजको युगमा अनिर्वाचित सत्ता हामीलाई मञ्जुर छैन भन्छौँ ।

प्रहार हुन्छ ।

हामी हिंसा या युद्ध समाज परिवर्तनको साधन हुन सक्दैन भन्छौँ, जनताको मन जितेर शान्तिपूर्ण ढङ्गले पनि समाज बदल्न सकिन्छ भन्छौँ ।

हामीमाथि प्रहार हुन्छ ।

हामी विविधता र बहुलता हाम्रो सम्पदा हो, दूरी बढाउने विषय होइन भन्छौँ ।

हामीमाथि प्रहार हुन्छ ।

हामी सार्वभौम मुलुकका रुपमा संविधान बनाउने अधिकार हाम्रो हो । विकासको कुन बाटो रोज्ने भन्ने छनोट हाम्रो हो । कस्तो राजनीतिक प्रणाली बनाउने भन्ने निर्णय गर्ने अधिकार हाम्रो हो भन्छौँ । कतिलाई मन पर्दैन ।

अनि हामीमाथि प्रहार हुन्छ ।

हामी रात जतिसुकै लामो भए पनि उज्यालो हुन्छ भन्ने विश्वास गर्छौं । सशस्त्र द्वन्द्व, सङ्क्रमणकाल र भूकम्प जस्ता चुनौतीका बीचमा पनि मुलुकले गरिरहेको प्रगतिलाई देख्छौँ । कमजोरीलाई

पनि महसुस गर्छौं । मुलुक बन्छ र बन्दैछ भन्ने भरोसा राख्छौं । निराशा र नकारात्मकताका अभियन्ताहरुलाई यो मन पर्दैन ।

अनि फेरि हामीमाथि प्रहार हुन्छ ।

हामी कमजोर भयौं भनेमात्र नेपालको राष्ट्रिय स्वाधीनता कमजोर हुन्छ भनेर कसैले गणित मिलाइरहेका छन् ।

हामी नढलुन्जेल, हाम्रो शिर नझुकेसम्म नेपालको स्वाभिमान सीधै रहन्छ । त्यसैले हामीमाथि आक्रमण भइरहेको छ ।

हामीविरुद्धका शक्तिहरू विभिन्न रङ्गमा अगाडि आउँछन्–

कहिले असन्तुष्टि पोख्दै, कहिले परिवर्तनको नारा बोकेर । कलर/कलरमा- कलर रेभोलुशन भन्दै देखा पर्छन् ।

तर तिनको भित्री लक्ष्य एउटै छ– हामीलाई विभाजन गर्ने, कमजोर बनाउने, अलमल्याउने र दिशाहीन बनाउने ।

एकपटक सम्झनुस् त !

हामीले संविधान जारी गर्‍यौं, त्यसपछिको तीब्र प्रतिक्रियाले भन्छ-- हामीले लिएको अडान कतिलाई मन परेको थिएन ।

भूपरिवेष्ठित मुलुकहरूलाई भू-जडित बनाउन गरिएको यातायात-पारवहन सम्झौता पनि धेरैलाई पचेको थिएन। उत्तर-दक्षिण जोड्ने कनेक्टिभिटी खुलोस्, नेपाल आफैँ हिँड्न सक्ने बनोस् भन्ने हाम्रो चाहना धेरैलाई मन परेको थिएन।

सीमाको रक्षा र आफ्नै भू-भागमाथिको सार्वभौमसत्ताको दाबी स्पष्ट गर्दा पनि कतिलाई सहज लागेकै थिएन।

यही कारणले, बारम्बार हाम्रो पार्टी प्रहारको निशानामा परेको छ।

आखिर खयरको बोटमा कसले ढुङ्गा हान्छ र ? ढुङ्गाको चोट खाने त बाटो छेउको आँपको बोटले त हो नि।

दाजुभाइ दिदीबहिनीहरु,

यति धेरै प्रहार सहेपछि पनि यो पार्टी सतिसालझैँ ठिङ्ग कसरी उभिरहन्छ ? यति धेरै शक्ति कहाँबाट आउँछ ?

यस प्रश्नको उत्तर म यही मैदानमै खोज्न चाहन्छु।

एकछिन्– आफ्नै गाउँ⁄ ठाँउमा, सहरका टोल⁄ टोलमा, टारीको छेउमा, ओडारको चिसोमा बसेर संगठन जोगाइरहेका आफ्नै साथीहरू सम्झनुस् त ! त्यसपछि आफैँ महसुस गर्नुहुनेछ– संकटको बेलामा ढल्ने होइन, अड्ने साहस यस पार्टीले यत्तिका वर्ष कहाँबाट बटुलेको रहेछ ?

भदौ २३⁄२४ को घटनालाई सम्झौँ न ।

भदौ २४ को त्यो उन्माद के असन्तुष्ट समूहको प्रदर्शन मात्रै थियो ? कि त्यसको आडमा अर्को ठूलो खेल चलिरहेको थियो ?

त्यस उपद्रवको लक्ष्य सरकार परिवर्तन मात्रै थियो ? कि त्यसभित्र राज्यको मेरुदण्ड नै भाँच्ने योजना पनि लुकेको थियो ?

भ्रममा पर्नै हुन्न- स्थिरताको बाहक बनिरहेको, संवैधानिक प्रक्रियाबाट बनेको सरकार हटाउन त देशलाई खरानी पार्नै पर्थेन । संसदबाटै त्यो काम गर्न सकिन्थ्यो, या अर्को निर्वाचन कुर्न सकिन्थ्यो । तर यो त संविधान, संवैधानिक प्रक्रिया र ७ दशक लामो कठिन संघर्षको उपलब्धिका रूपमा प्राप्त हाम्रो लोकतन्त्रलाई ध्वस्त पारेर शून्यता सिर्जना गर्ने, अस्थिरता

बढाउने र राज्यविहीनताको अवस्थामा पुऱ्याउने दीर्घ तयारीसहितको गम्भीर षडयन्त्र थियो ।

तर यसो भनिरहँदा एउटा कुरा स्पष्ट पारौँ–

सामाजिक सञ्जाल खुल्ला होस्, भ्रष्टाचार नियन्त्रण होस्, राज्यमा सुशासन कायम होस् –जेनेरेशन-जेड या नवयुवाहरुले उठाएका यी मागप्रति कसैको पनि असहमति थिएन ।

यी त हामी स्वयंले वर्षौंदेखि उठाउँदै र कार्यान्वयन गर्दै आएका एजेन्डा थिए ।

सामाजिक सञ्जाल बन्द गर्ने होइन– कानुनी दायराभित्र, देश र नागरिकको सुरक्षाको हिसाबले नियमन गर्ने मात्रै हाम्रो चाहना थियो ।

नव-युवाहरूले प्रशासनलाई संविधानले दिएको अधिकार प्रयोग गर्दै शान्तिपूर्ण प्रदर्शन गर्ने बचन दिएका थिए । प्रशासनले अनुमति पनि दिएकै थियो ।

तर दुःखको कुरा–

त्यो कार्यक्रममा घुसपैठ भयो ।

विभिन्न स्वार्थ समूह प्रवेश गरे ।

अनि, हिंसा र तोडफोड त के, फूलको हाँगा पनि भाँच्दैनौँ र निषेधित क्षेत्र तोड्दैनौँ भन्ने प्रतिबद्धता व्यक्त गरेका युवा विद्यार्थीहरुलाई अगाडि लगाएर निषेधित क्षेत्र तोड्ने, संसद भवनमा आगजनी र तोडफोड गर्न दुरुत्साहन गर्ने र त्यसैका आडमा आफ्नो निहित स्वार्थ पूरा गर्न हिंसा भड्काउने तत्वका कारण युवा–विद्यार्थीहरुको ज्यान जाने दुःखद् एवम् अकल्पनीय परिस्थिति सिर्जना भयो ।

भदौ २३ गते गोली लागेर ज्यान गुमाएका युवा,

भदौ २४ गते अराजक भीडको आक्रमणमा परी मारिएका सुरक्षाकर्मी र नागरिक–सबैप्रति म यस विशाल सभाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

घाइते युवाहरू, परिवारका सदस्यहरू, पीडित बुबाआमा, दिदीबहिनी, दाजुभाइ, सबैप्रति गहिरो समवेदना व्यक्त गर्दछु– शरीर र मन दुवैको चोट चाँडै निको होस् भन्ने कामना गर्दछु ।

साथीहरू,

भदौ २३ गते शान्तिपूर्ण भनिएको प्रदर्शन हिंसात्मक हुँदा सिर्जित दुःखद् परिणामप्रति गम्भीर हुँदै, तत्कालीन गृहमन्त्रीले राजीनामा गरिसक्नुभएको थियो । त्यसै दिनको मन्त्रिपरिषद्को बैठकबाट घटनाको छानबिन गर्न पूर्व न्यायाधीशको नेतृत्वमा आयोग गठन गर्ने निर्णय पनि भइसकेको थियो ।

असामान्य परिस्थितिप्रति सरकार गम्भीर र संवेदनशील थियो ।

तर राज्यविरुद्ध आक्रमणको योजना बनाएका तत्वहरुलाई यी कदम पर्याप्त भएनन् । उनीहरुलाई त देश दहन गर्ने अगुल्टो चाहिएको थियो ।

परिणामतः भदौ २४ को भयानक दिन देशले भोग्नुपर्‍यो ।

कार्यपालिकाका वडा कार्यालयदेखि केन्द्रीय प्रशासनिक भवनसम्म,

व्यवस्थापिकाका पालिकादेखि संघीय संसद भवनसम्म,

र न्यायपालिकाका जिल्ला अदालतदेखि सर्वोच्च अदालतसम्म–

राज्यका तीनवटै अंगमाथि एकैसाथ आक्रमण गरियो ।

दलीय व्यवस्थाका आधारस्तम्भ पार्टीका कार्यालयहरू ध्वस्त पारिए ।

होटल, व्यापारिक प्रतिष्ठान र व्यवसायिक व्यक्तिहरुका निजी सम्पत्ति ध्वस्त पार्दै अर्थतन्त्रको मेरुदण्ड भाँचियो ।

शान्ति-सुरक्षा कायम गर्न खटिएका प्रहरीमाथि भयानक प्रहार भयो– कुटपिट मात्रै होइन, निर्ममतापूर्वक हत्या समेत गरियो ।

१२ सयभन्दा बढी हतियार खोसिए, झन्डै एक लाख गोलीगट्ठा र विविध सामग्री लुटिए । सुरक्षाकर्मीका पोशाक मात्र लुटिएनन्, तिनको अपमान र दुरुपयोग समेत गरियो ।

जेलको ढोका फोरेर १४ हजारभन्दा बढी कैदीबन्दी भगाइए ।

नेता/कार्यकर्ताहरूका निजी सम्पत्तिमाथि आगजनी, तोडफोड र लुटपाट मच्चाइयो ।

यसरी, राष्ट्रपति भवनदेखि सिंहदरबार जस्ता राष्ट्रिय सम्पदाहरू-

शहीदका सालिक, लोकतान्त्रिक र कम्युनिष्ट आन्दोलनका स्मारक, आश्रम र स्मृति भवन समेत १६ सयभन्दा बढी संरचना एकैपटक आगो, ढुंगा र लुटपाटको निशाना बने ।

यी सबै घटनाहरू प्रधानमन्त्रीले राजीनामा गरिसकेपछि भए ।

त्यसैले ती घटना केवल सरकार परिवर्तनका लागि गरिएका दबाब थिएनन्;

ती त मुलुकको राष्ट्रियता, लोकतन्त्र, संविधान, अर्थतन्त्र, नेपाली संस्कार र एकतालाई खल्बल्याउने र गम्भीर रूपमा घाइते पार्ने योजनाबद्ध कदमहरू थिए ।

जतिबेला, राष्ट्रिय सम्पदा र निजी सम्पत्तिमाथि आगो झोस्ने कामलाई नै “आन्दोलन”, “बिद्रोह” र “क्रान्ति”का रूपमा महिमामण्डित गर्दै थियो,

त्यही भिडको फुटेज देखाएर– कोही सत्ता, कोही सौदा, र कोही सहानुभूति बटुल्दै थिए ।

त्यतिबेला एमाले मात्रै यस्तो पार्टी रह्यो जसले सुरुदेखि नै स्पष्ट भन्यो– यो हाम्रो व्यवस्थामाथिको आक्रमण हो, यो देशमाथिको प्रहार हो ।

साथीहरू,

राज्यको सिंगो प्रणाली तहसनहस पार्न खोजिएको त्यस घडीमा केही समय हामी पनि सुरक्षित स्थानमा रही समीक्षारत रह्यौं । नेताहरू, समाजका अगुवाहरू मारियून्, समाप्त होउन् भन्ने चाहना गर्ने कोही-कोहीले आज व्यंग्य गरेको सुनिन्छ– “हेलिकप्टर चढेर भागे” ।

महाभारतमा पाण्डवहरूलाई लाक्षागृहमा थुनेर आगो लगाइयो, पाण्डवले सुरुङ खनेर बच्नुपर्‍यो ।

इतिहासले दोष कसलाई दियो– आगो बाल्ने दुर्योधन-शकुनीलाई कि आगोबाट बच्न खोज्ने पाण्डवलाई ?

प्रश्न त्यत्ति न हो !

त्यो महाविनाश– न हामीले बिर्सेका छौँ, न बिर्सनेछौँ ।

दोहर्‍याएरै भन्छु-- ... नबिर्सौं !!!

अहिलेलाई यत्ति मात्र–

त्यस दिनको महाविनाशको छानबिन होस्,

दोषी पहिचान होस्,

अपराधीले सजाय पाउँन् !

साथीहरू,

त्यो असामान्य परिस्थितिमा थप क्षति नहोस् भनेर मैले राजीनामा दिएँ ।

देश अन्योलमा थियो । त्यो अन्योल चिर्न संवैधानिक बाटोबाट निकास दिन हामीले विकल्पहरू स्पष्ट राख्यौँ ।

यदि संसदभन्दा बाहिरको व्यक्तिलाई प्रधानमन्त्री बनाउनुपर्ने भए, दलहरूबीच सहमति हुनुपर्छ– संसदमार्फत संविधान संशोधन गर्नुपर्छ ।

प्रतिनिधिसभा विघटन हुनुहुँदैन !

यही हाम्रो दृढ अडान थियो ।

कामचलाऊ प्रधानमन्त्रीको नाताले मैले संवैधानिक निकासको बाटो देखाएको थिएँ ।

तर देशलाई उल्टो दिशामा लगियो– संविधानको बाटो छाडेर बाहिरबाट सरकार गठन गरियो । अनधिकृत व्यक्तिबाट प्रतिनिधिसभा विघटन गरियो ।

त्यसैले हामी भन्छौँ– अनधिकृत सिफारिसमा प्रतिनिधिसभा विघटन असंवैधानिक छ, गलत छ ।

जनताले चुनेका प्रतिनिधि घर फर्काउनु भनेको जनतालाई नै राजनीति बाहिर धकेल्नु हो ।

यस्तो कामले लोकतन्त्र बलियो हुँदैन ।

त्यसैले– प्रतिनिधिसभा विघटन मान्य छैन ।

हाम्रो माग स्पष्ट छ– प्रतिनिधिसभा तुरुन्त पुनर्स्थापना होस्, देश संविधान र लोकतन्त्रको बाटोमै फर्कियोस् ।

सरकारलाई फागुन २१ मा चुनाव गराएर सत्ता हस्तान्तरण गर्ने कार्यादेश छ ।

चुनावको मिति तोकिएको छ, तर के तयारी कतै छ ?

अहँ देखिँदैन !

चुनाव चाहने सरकार के गर्थ्यो ?

सबै दलको विश्वास जित्थ्यो । निर्णयमा पारदर्शिता देखाउँथ्यो । सभा-जुलुस खुला गर्थ्यो ।

दलका गतिविधि प्रोत्साहित गर्थ्यो ।

चुनावको अनिवार्य शर्तका रुपमा रहेको निर्भयताको वातावरण निर्माण गर्थ्यो ।

तर अहिले के भइरहेको छ ?

संवादको सट्टा निषेध,

बहसको सट्टा मुद्दा,

प्रतिस्पर्धाको सट्टा धम्की,

नेताको राहदानी रद्द र स्थान- हद ... निषेधाज्ञा !

यसरी चुनावको वातावरण बन्छ कि डरको ?

मतदानको स्वतन्त्रता सुरक्षित हुन्छ कि दबाब र आतङ्क बढ्छ ?

जनताले चाहेको कुरा स्पष्ट छ–
साँचो प्रतिस्पर्धा,
स्वतन्त्र चुनाव र
निष्पक्ष वातावरण !

हाम्रो पनि भनाइ यही हो–

डर, दबाब र प्रतिशोधको छायाँबाट मुक्त चुनाव हुँदा बहुमत ल्याउने ल्याकत भएको एमाले चुनावबाट कहाँ भाग्छ ?

तर अहिले कहाँ चुनाव हुँदैछ र ?!

चुनावको कुरा मात्र भइरहेको छ !

त्यसैले हाम्रो अडान छ- प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्छ ।

म उपस्थित सबै दलका नेता गणलाई पनि लोकतन्त्रमाथिको यो प्रहार, संविधानमाथिको यो आघात र राष्ट्रमाथिकै यस

सङ्कटलाई बोध गरेर, यसबाट रत्तिभर विचलित नभइ सहकार्यका साथ अगाडि बढ्न आह्वान गर्छु ।

**प्रिय युवा साथीहरु,**

अहिले केही व्यक्तिहरु नेकपा (एमाले) र प्रतिष्ठित राजनीतिक दलहरुलाई 'जेन्जी विरोधी' आरोपित गर्दै तपाईंहरु र हामीलाई भिन्न धारमा उभ्याउन कोशिस गरिरहेका छन् ।

उनीहरुको यस्तो प्रयास नौलो होइन ।

३० वर्ष अगाडिसम्म हामीलाई बृद्धबृद्धा विरोधी पार्टी भनेर आरोपित गरिन्थ्यो ।

हामीले व्यवहारबाटै खण्डित गर्‍यौं ।

सशस्त्र हिंसा सुरु भएपछि हामीलाई क्रान्ति विरोधी भनेर आरोपित गरियो । हामीले त्यस आरोपको मिथ्यापनलाई पनि तथ्यहरुबाटै पुष्टि गर्‍यौं ।

एक अवस्था आयो- हामीलाई पहिचान विरोधी, मधेस विरोधी, जनजाति विरोधी बिल्ला भिराउने कोशिस भयो ।

हामीले व्यवहारबाट त्यस भाष्यलाई चिऱ्यौँ, आज नेकपा (एमाले) मधेस प्रदेशसभामा सबैभन्दा ठूलो दलका रुपमा स्थापित छ । हाम्रो पार्टी साम्प्रदायिक विद्वेषमा होइन, विविधताबीच राष्ट्रिय एकताको पक्षमा छ ।

सबै हतियारमा खिया लागेपछि हामीलाई आज जेन्जी विरोधी भनेर भ्रमित गर्ने कोशिस गरिरहेको छ ।

तर यो भ्रम निराधार छ ।

जुन पार्टीले आफ्ना सबै पार्टी संरचनामा नयाँ युवालाई स्थापित गर्न विशेष व्यवस्था नै गरेको छ, त्यो पार्टी कसरी नयाँ पुस्ता विरोधी हुन सक्छ ?

जसले सरकारमा हुँदा उद्यमशीलता सिकेर केही गर्न चाहने युवाको आँखाका आशालाई हेरेर सीप विकास कार्यक्रम विस्तार गऱ्यो, उत्पादन र बजार जोड्ने व्यवस्था मिलायो, स्टार्टअप कार्यक्रम अघि बढायो । त्यो कसरी जेन्जी भन्दा टाढा हुन सक्छ ?

जसले सरकारमा हुँदा डिजिटल नेपाल फ्रेमवर्क र  एआई नीतिलाई प्राथमिकतामा राख्यो- कसरी तपाईंहरु भन्दा फरक हुन सक्छ  ?

हामी चाहन्छौँ-

नेपाली युवाले प्रविधि हातमा लिएर यहीँ बसेरै विश्वसँग प्रतिस्पर्धा गर्न सकोस् ।

नयाँ रोजगारी सिर्जना होस्,

नवप्रवर्तन जन्मियोस्, नयाँ अवसरको ढोका खुलोस् ।

त्यसैले जेन्जीका नाममा स्वार्थको रोटी सेकिरहेका तत्वहरुले फिंजाएको भ्रमबाट मुक्त हुन म साथीहरुलाई आग्रह गर्दछु ।

म हाम्रा युवाहरूलाई यो पनि स्मरण गराउन चाहन्छु –

प्रविधि जति अगाडि बढे पनि, तपाईंहरूको सुरक्षित भोलि –

लोकतन्त्र, संविधान, शान्ति र राजनीतिक स्थायित्वमाथि नै निर्भर छ ।

यसका लागि दलहरु अनिवार्य पक्षहरु हुन् । कुनै दल मन नपर्न सक्छ, अर्कोमा जोडिन सकिन्छ । या आफैँ दल खोल्न पनि सकिन्छ । तर विचारका आधारमा स्थापना भएका, लामो इतिहास भएका र आन्दोलनको अग्निपरीक्षामा खारिएका दलहरुलाई कमजोर गरेर देश बन्दैन ।

विचार बिनाका दल र उत्तरदायित्व बिनाका पात्रहरुले अन्ततोगत्वा मुलुकलाई सङ्कटको भुँवरीमा होम्छन् ।

प्रिय कमरेडहरु, साथीहरु,

हाम्रो महाधिवेशन लोकतान्त्रिक अभ्यास, वैचारिक गन्तव्यप्रतिको स्पष्टता र एकताको एउटा उदाहरणको रुपमा आयोजना भइरहेको छ । यस्तो परिस्थितिमा हामी हरेकले गहिरो जिम्मेवारी बोधका साथ पार्टीलाई कुनै प्रकारको क्षति हुन नदिनु र उन्नत एकता कायम गर्नु जरुरी छ ।

यसमा सबैको ध्यान जानेछ भन्ने मैले विश्वास लिएको छु ।

अर्को कुरा, हामी कसैको कुनै पनि कार्यक्रम बिथोल्ने, बाधा व्यवधान पुऱ्याउने काम गर्दैनौं । कसैले पनि अरुका कार्यक्रममा व्यवधान उत्पन्न गर्नु सभ्य र लोकतान्त्रिक आचरण होइन । मैले

विश्वास लिएको छु,-एमालेका कार्यक्रमहरु बिथोल्न कसैले पनि प्रयास गर्ने छैन ।

म नेपालका सम्पूर्ण राजनीतिक दलहरु, अन्य संघसंस्थाहरु, नागरिक समाज, मिडिया र आम जनसमुदायलाई आजको असहज परिस्थितिको मिलेर समाधान गर्न यस मञ्चबाट आग्रह गर्दछु ।

साथीहरुलाई स्पष्ट हुन म आग्रह गर्छु ।

आजको हाम्रो सङ्घर्ष- जेन्जी पुस्ता र पाको पुस्ता बीचको हुँदै होइन ।

पुराना दल र नयाँ पुस्ता बीचको पनि हुँदै होइन ।

सङ्घर्षको केन्द्रबिन्दु त देश बनाउने र देश जलाउने बीचको हो ।

मलाई विश्वास छ, आजको नयाँ पुस्ता सधैंभरि देश बनाउने कित्तामा उभिने छ ।

निश्चय नै, तपाईंहरुको अपेक्षा र राज्यको डेलिभरी क्षमता बीचमा ग्याप छ ।

तपाईंहरु प्रविधिमा अभ्यस्त हुनुहुन्छ र चाहनुहुन्छ- एक क्लिकमा काम होस्, सेवा दिनका लागि लम्बेतानको लाइन, फाइलहरुको भीड र कर्मचारीहरुको ढिलासुस्तीबाट मुक्त हुन पाइयोस् ।

अवसरहरु सबैका लागि बराबर होउन् ।

आफन्तवाद र भ्रष्टाचारको जालो चुँडाउन सकियोस् । योग्यताका आधारमा छनोट होस् ।

तपाईंहरुका अपेक्षा बिल्कुल जायज छन् ।

यस दिशामा केही उपलब्धि पनि भएका छन् ।

तर थुप्रै काम गर्न बाँकी छ ।

तर ती बाँकी काम देखेर या अन्याय देखेर आक्रोशित हुनु स्वाभाविकै हो ।

तर त्यो आक्रोश रचनात्मक ढङ्गले प्रयोग हुनुपर्छ, जसरी पहाडबाट बगिरहेको खोला बाँधमा बाँधिएर, पेनस्ट्रक पाइपमा छिरेर, टर्बाइनमा पुग्दा ऊर्जाको उज्यालोमा रुपान्तरित हुन्छ ।

नत्र त त्यसले बाढी बनेर बस्ती बगाउँछ, विपत्ति सिर्जना गर्छ ।

तपाईंको जायज गुनासोलाई हिंसा र विध्वंशको इन्धन बनाउन खोज्नेहरुबाट जोगिनुहोस् ।

तपाईंहरूका जायज आवाजको आडमा देशको विरुद्ध हिंसा र सत्ता-स्वार्थको रोटी सेक्नेलाई चिन्नुहोस् ।

देशका संरचना जलाई खरानी बेच्नेहरूको जालबाट जोगिनुहोस् ।

म युवा पुस्तालाई भन्न चाहन्छु –

असहमति राख्नुस्,

आलोचना गर्नुस्,

जवाफ माग्नुस् ।

तर एउटा कुरा नबिर्सनुस्–

आफ्नो संस्कृतिमा र सभ्यतामा गर्व गर्ने,

सही सिद्धान्त र देश बदल्ने सपना बोकेका दलबिना लोकतन्त्र सम्भव छैन ।

यसै मञ्चबाट म सबै नेता, कार्यकर्ता र शुभेच्छुकलाई आह्वान गर्छु–

जहाँ सकिन्छ त्यहाँ, युवालाई अगाडि सारौँ;

उनीहरूको कुरा ध्यान दिएर सुनौँ;

उनीहरूको जायज एजेन्डालाई उचित स्थान दिऔँ ।

युवा पुस्तासँगको हाम्रो सहकार्य भावनात्मक मात्र होइन–

यसको आधार छ–

सिद्धान्तमा दृढ, अनुशासन र आपसी एकता भएको पार्टी ।

साथीहरू,

आज हामी सबैभन्दा बढी के कुराको अभाव महसुस गरिरहेका छौँ ?

उत्तर हो– सुरक्षा ।

सुरक्षा - राज्यले प्रत्येक नागरिकलाई दिनै पर्ने प्रशासनिक सुरक्षा त हुँदै हो,

त्यसका अतिरिक्त-

युवालाई- रोजगारीको सुरक्षा,

आमाबाबुलाई- छोराछोरी विदेशिन नपर्ने भविष्यको सुरक्षा,

श्रमजीवी जनतालाई- पारिश्रमिकको सुरक्षा,

किसानलाई- पसिनाको मूल्यको सुरक्षा,

उद्योगी/व्यापारीलाई- नीति, स्थिरता र लगानीको सुरक्षा,

विद्यार्थीलाई- सपनाको सुरक्षा,

आम नागरिकलाई- न्यायको सुरक्षा ।

भाषा, पहिरन, धर्म, आस्था, जात-जातिको गौरव– सबैको पहिचानको सुरक्षा ।

संविधान, लोकतन्त्र, अदालत, संसद, संस्थाहरू– सबको अस्तित्वको सुरक्षा ।

त्यसैले हामी भन्छौँ–

हाम्रो राजनीति केवल सत्ता बदल्ने राजनीति होइन–

जीवनमा सुरक्षाको अनुभूति दिने राजनीति हो ।

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्यको सुरक्षा हो ।

अर्को शब्दमा- सुरक्षा, समृद्धि र सुखको सुनिश्चितता हो ।

जहाँ नागरिकको ज्यान, अधिकार, सम्मान, देशको अस्तित्व र भविष्य सुरक्षित होस् ।

प्रिय कमरेडहरु, साथीहरु,

यस जटिल परिस्थितिमा अनेक चुनौतीहरुको सामना गर्दै आफ्नो गन्तव्यतर्फ दृढता र सक्रियताका साथ अगाडि बढौं । अहिले तत्कालका लागि अनधिकृत र असंवैधानिक सिफारिसमा विघटित प्रतिनिधिसभाको पुनःस्थापना, संवैधानिक सरकार गठन र त्यसपछि ताजा जनादेशबाट नयाँ प्रतिनिधिसभा निर्माण गर्ने बाटोमा अगाडि बढौं ।

वर्तमान असंवैधानिक सरकारले जालझेल र प्रतिशोधको बाटो लिएको छ । त्यसका लागि एकातिर निर्वाचनको हल्ला गर्ने,

अर्कोतिर निर्वाचन बिथोल्ने ‘सरकार-जेनजी सम्झौता’जस्ता नाटक मञ्चन गरेर लोकतन्त्रलाई रोक्ने वातावरण सिर्जना गर्ने अनेक प्रपञ्चहरुको जालो पनि बुनिरहेको छ । यस स्थितिलाई तोडेर संविधानलाई पुनः लिकमा फर्काउनु छ, जहाँ नेपाल सुरक्षित होओस् ।

साथीहरू,

सुरक्षित नेपालको पहिलो सर्त के हो ?

हामी-हामीबीचको एकता– एक एमालेले अर्को एमालेसँग हात मिलाउनु, मन जोड्नु ।

हामी एघारौँ महाधिवेशनमा छौँ । यसको अंक “एघार”लाई एकछिन् ध्यान दिएर हेरौँ–

एघारमा दुई वटा “एक” हुन्छन्,

तर छुट्टाछुट्टै, टाढाटाढा उभिएका “एक” होइनन् ।

एउटै लाइनमा, एउटै दिशातिर फर्किएका, एउटै लक्ष्य बोकेर उभिएका “एक” हुन् ।

त्यसैले, हामी प्रत्येक एक– एमालेले अर्को एक– एमालेसँग हात मिलाउँदा,

छुट्टाछुट्टै एक रहँदैनौँ, एउटै “एघार” बन्छौँ, बलियो शक्ति बन्छौँ ।

एक एमाले र अर्को एमाले छुट्टिए, रिसाए, एक-अर्कामाथि घात-प्रतिघात गरे–

हामी साधारण “एक-एक, एक” मात्र रहनेछौँ ।

तर एउटाले अर्कोको हात समायो, मन मिलायो–

हामी “एक-एक एघार” बन्छौँ ।

हामी एघार बन्दै अघि बढ्यौँ भने–

यो एघारौँ राष्ट्रिय महाधिवेशन साँचो अर्थमा सफल हुनेछ ।

सबैलाई शुभकामना !

धन्यवाद !